# स्थानीय लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७

लैङ्गिक हिंसावाट पिडित भएका व्यक्तिहरुको उद्धार तथा पुनस्थापना कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष खडा गर्न आवश्यक देखिएकोले प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार र लैगिंक हिंसा निवारण कोष (संचालन) (दोस्रो संशोधन) नियमावली २०७६ को नियम ३ को उपनियम ३(ख) प्रयोग गरी लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको तत्काल उद्धार गरि अधिकार, संरक्षण, सम्वर्द्धन र सम्मानको लागि आवश्यक व्यवस्था गर्न गौशाला नगरकार्यपालिकाको मिति २०७७ साल असोज २२ गतेको वैठकले लैगिंक हिंसा निवारण कोष स्थापना गरी संचालन गर्ने निर्णय गरे अनुसार गौशाला नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ स्वीकृत गरी लागु गरेको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भ :

१) यी नियमहरुको नाम "स्थानीय लैङ्गिक हिंसा निवारण कोष ( संचालन) कार्यविधि २०७७" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले गौशाला नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) "कोष "भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) " पिडित" भन्नाले लैङ्गिक हिंसावाट पिडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(घ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल वा समाजमा हुने यौनजन्य दूव्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार, मानव वेचविखन वा ओसारपसारमा परेको लगायत लैङ्गिक आधारमा हुने शारीरिक वा मानसिक हिंसा सम्झनु पर्छ ।

(ङ) " समिति" भन्नाले नियम ७ बमोजिमको कोष संचालन समिति सम्झनु पर्छ ।

## ३. कोषको स्थापना :

(१) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुलाई तत्काल उद्धार, राहत र पुन:स्थापना गर्ने काम समेतको लागि लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) यस नगरपालिकावाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ. संस्था वा व्यक्तिवाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिवाट प्राप्त रकम,

(घ) संघ वा प्रदेशवाट प्राप्त रकम,

०७७।१२।३

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**४. कोषमा रकम जम्मा गर्ने : -** लैङ्गिक हिंसामा परेका व्यक्तिको उद्धारको लागि नगरपालिकाले वार्षिक रुपमा कार्यपालिकाले तोके बमोजिमको रकम नघटाई कोषमा जम्मा गर्नेछ ।

**५. कोषको उपयोग :-** (१)कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-

(क) लैङ्गिक हिंसामा परेका व्यत्तिहरुको उद्धार गर्न,

(ख) लैङ्गिक हिंसाका पिडितलाई औषधि उपचार गर्न,

(ग) समितिबाट स्वीकृत कार्यक्रम संचालन गर्न,

(घ) समितिवाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(ङ) लैङ्गिंक हिंसामा परेका व्यक्तिहरुको हक हितको सम्बन्धमा समितिले तोके वमोजिमको अन्य काम गर्न गराउन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसावाट पीडित वालवालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसावाट प्रभावित भई लागू पदार्थको दुर्व्यसन फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिक दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:**

(१) कोषको रकम नियम ५ मा लेखिए वाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्चको ५% सम्मको रकम समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

**७. समितिको गठन :**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष संचालन समिति रहनेछ ।

(२) कोषको संचालन तथा व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको समिति रहनेछ ।

क) उप प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामाजिक विकास शाखा प्रमुख - सदस्य

घ) नगर प्रमुखले तोकेको वडा सदस्य - सदस्य

ङ) प्रहरी प्रमुख, इलाका प्रहरी कार्यालय - सदस्य

च) लैगिंक हिंसाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमध्ये प्रतिनिधित्व हुने गरि समितिले तोकेको संस्थाहरुवाट एक जना महिला सहित २ जना - सदस्य

छ) महिला तथा बालवालिका शाखा प्रमुख - सदस्य-सचिव

066/12/19

शिवनाथ महतो
नगर प्रमुख

CamScanner

३) उपनियम (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हनेछ ।

४) उपनियम (२) को खण्ड (ग) बमोजिम १ सदस्य कार्यपालिकाले उपयुक्त ठहराएको व्यक्तिलाई चयन गर्न सक्नेछ ।

(५) सञ्चालक समितिको सचिवालय नगरपालिको कार्यालयमा रहनेछ ।

(६) सञ्चालक समितिको सल्लाहकार नगर प्रमुख रहनेछ ।

## ८. समितिको काम कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार गर्न तथा त्यस्ता व्यक्तिलाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै व्यक्ति हिंसामा परे नपरेको निधारण गर्ने,

(ग) स्वीकृत कायक्रमका लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) लैङ्गिंक हिंसामा परेको व्यक्तिको उद्धार तथा पुनःस्थापन गर्ने,

(च) लैङ्गिंक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(छ) लैङ्गिक हिंसामा परेका व्यक्तिको अवस्था पहिचान गर्ने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) लैङ्गिंक हिंसाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ट) लैङ्गिक हिंसा निवारण तथा पीडित व्यक्तिका लागि अन्य काम गर्ने वा गराउने ।

## ९. समितिको बैठक र निर्णय :

(१) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) समितिको वैठक वस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले वैठकमा छलफल हुने कार्यसुचि सहितको सुचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

०६६/१२/९

शिवनाथ महतो
नगर प्रमुख

(५) समितिको बैठकको संयोजकत्व समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकताअनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गराई राख्नेछ ।

(९) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कोषमा रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि नगरपालिकाले कोषको नाममा रकम निकाशा दिनेछ ।

**११. आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई आर्थिक सहयोग उपलब्ध गराँउदा देहायको आधारमा देहायको रकममा नवढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्दा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैंया र वास वस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैंयाको दरले बढीमा पाँच हजार रुपैंया ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैंया, अस्पतालमा वस्ने व्यवस्था नभई वाहिर वस्नु परेमा बढीमा पाँच दिनको वसोवास खर्च वापत प्रतिदिन पाँच सय रुपैंया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैंयामा नवढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित वालवालिका भए वालवालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैंयामा नवढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयाँमा नवढने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे वसेको पीढितलाई समितिले तोकै बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

०८०/१२/१६

शिवनाथ महतो
नगर प्रमुख

## १२ राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई तोकिएको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाचँबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा (१४) को अधिन रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

## १३ तत्काल रकम उपलब्ध गराउन सक्ने :

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट १० हजार रुपैयाँमा नबढने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

## १४ थप रकम निकासा माग गर्न सक्ने :

(१) समितिबाट नगरपालिकाको नाममा निकासा भएको रकम अपर्याप्त भएमा नगरपालिकाले सोको कारण खुलाई समितिसगँ थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा समितिले नगरपालिकाको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रिय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

## १५. खाता संचालन :

(१) कोषको रकम समितिले कुनै वाणिज्य बैंकमा खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाता संचालन कार्यालय प्रमुख वा निजले तोकेको कुनै अधिकृत र आर्थिक प्रशासन शाखामा काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

## १६. कोषको लेखा र लेखा परिक्षण :

(१) कोषको आय व्ययको लेखा नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## १७. रकम फ्रिज नहुने :

०६६।१२।१९

शिवनाथ ... 
नगर प्रमुख

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१८.प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**१९.बैठक भत्ता :** समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**२०.अभिलेख राख्ने :** समितिले आफुले गरेको काम कारवाहिको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१. निर्देशन दिन सक्ने :**

(१) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) वमोजिम नगरकार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२२. कोष खारेज हुने सक्ने :**

(१) कुनै कारणवस कोष संचालन गर्न आवश्यक नभएमा नगरकार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकामा स्वत: हस्तान्तरण हुनेछ ।

**२३ . बचाउ र खारेजी :**

यस भन्दा अघि भए गरेका कार्यहरु यसै कार्यविधि अर्न्तगत भए गरेको मानिनेछ ।

**२४. अन्य :**

यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०७८/१२/१८

शिवनाथ महतो
नगर प्रमुख

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत